मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस १२ गते शनिबार ❑ 27 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी कार्यशाला गोष्ठी

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस




आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको छायाँ प्रतिवेदन तयारीका विषयमा प्रदेशस्तरीय कार्यशाला गोष्ठी पोखरामा शुक्रबार सम्पन्न भएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेश कार्यालयको आयोजनामा भएको कार्यशालामा नागरिक समाजका सरोकार, चुनौती तथा सुझावहरू संकलन गरिएको इन्सेकले जनाएको छ। कार्यक्रममा इन्सेक कार्यसमिति सदस्य अधिवक्ता डा. विद्या चापागाईंले चौथो आवधिक सरकारी प्रतिवेदन र नागरिक समाजबाट पेश गरिने छायाँ प्रतिवेदनका विषयमा कार्यपत्र प्रस्तुत गर्दै प्रतिवेदन तयारीका क्रममा उठाइएका मुद्दाहरू समेटेर संयुक्त राष्ट्रसंघमा पेश गरिने जानकारी गरिन्। इन्सेक मानव अधिकार बहस तथा पैरवी कार्यक्रम प्रमुख सम्झना श्रेष्ठले महासन्धीको परिचय, प्रतिवेदन पेश गर्ने प्रक्रिया तथा आवधिक समीक्षाको पाटोबारे जानकारी दिँदै सन् २०२६ सेप्टेम्बरमा हुने चौथो आवधिक समीक्षाका लागि सुझाव संकलन गर्ने उद्देश्यले कार्यशाला आयोजना गरिएको बताइन्। उनले धारा ६ देखि १५ सम्म समेटिएका अधिकार, नागरिक समाजको भूमिका, छायाँ तथा वैकल्पिक प्रतिवेदनको अवधारणा र समितिको भूमिकाबारे विस्तृत प्रस्तुति दिइन्। राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेशकी प्रमुख नितु गर्तौलाले राजनीतिक दलसम्बन्धी कानुन सुधार, महिलाको नागरिकता र जन्मदर्ता समस्याको समाधान तथा तीन तहको निर्वाचनमा महिलाको सहभागिता पुनरावलोकन गर्नुपर्ने आवश्यकता औंल्याइन्। उनले विद्यालय तहमा मनोसामाजिक परामर्शदाता शिक्षकको व्यवस्थाका माध्यमबाट आत्महत्या घटनालाई न्यूनिकरण गर्नुपर्नेमा पनि जोड दिइन्। नागरिक मञ्च गण्डकीका संयोजक तथा वरिष्ठ अधिकारकर्मी विष्णुप्रसाद बरालले नीति तथा कानुन बने पनि प्रभावकारी कार्यान्वयन नहुनु गम्भीर चुनौती रहेको बताए। इन्सेक गण्डकीका संयोजक गणेश भण्डारीले अधिकारसँग सम्बन्धित तथ्य तथा तथ्यांकसहित छायाँ प्रतिवेदन अन्तर्राष्ट्रिय समीक्षाका लागि पेश गरिने जानकारी दिए। कार्यक्रममा प्रस्तुत भएका अन्य सुझावहरूमा दलित समुदायको आर्थिक सशक्तीकरणका लागि सीपमूलक तालिम, लैङ्गिक हिंसाका घटनामा पीडितलाई उजुरी तथा सेवा प्राप्तिमा सहजता, जन्मदर्ता र नागरिकताको अभावका कारण शिक्षाबाट वञ्चित बालबालिकाका तथ्यांक संकलन, युवामा बेरोजगारी र समान कामको समान ज्यालाको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## २७ औं संस्करणको पोखरा सडक महोत्सव आइतबारदेखि हुने




**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस

पर्यटनको राजधानी पोखरामा यस बर्षको पोखरा सडक महोत्सव यही पुष १३ गते आइतबारदेखि सुरु हुने भएको छ।

रेष्टुरेन्ट एण्ड बार एशोसियसन नेपाल (रेवान) पोखराको आयोजनामा लेकसाइड क्षेत्रको करिब साँढे ३ किलोमिटर क्षेत्रमा हुने उक्त महोत्सवको ९० प्रतिशत तयारी पूरा भएको शुक्रबार महोत्सव स्थल कोमागाने पार्कमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो। अंग्रेजी नयाँ वर्षको अवसरमा आयोजना हुने २७ औं संस्करणको महोत्सव 'सडकमै खाउँ, सडकमै नाचौं, सडकमै रमाउँ' भन्ने नाराका साथ आयोजना हुने अन्तिम तयारी पूरा भएको रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलले बताउनु भयो। कला संस्कृति प्रवर्द्दन गर्न, स्थानीय स्तरमा उत्पादित सामग्रीको बजारीकरणमा सघाउन, पोखरा र लेकसाईडको प्रचारप्रसार, व्यापार बढाउन, पोखराको ब्राण्डिङ गर्न महोत्सव निरन्तर रुपमा आयोजना गर्दै आएको उहाँले जनाउनु भयो। महोत्सवमा मुख्य आर्कषणको रुपमा विभिन्न जातजातीका लोपोन्मुख साँस्कृतिक कार्यक्रम, मौलिक भेषभुषा प्रदर्शन, झाँकी प्रदर्शन प्रतियोगिता, राष्ट्रिय तथा अन्तराष्ट्रिय खानाको प्रदर्शन,

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## नवनियुक्त मन्त्री शर्माद्वारा पद तथा गोपनीयताको शपथ

**रासस**
काठमाडौं, ११ पुस

नवनियुक्त परराष्ट्रमन्त्री बालानन्द शर्माले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको छ।

राष्ट्रपति कार्यालय शितल निवासमा शुक्रबार आयोजित विशेष समारोहमा उहाँले शपथ लिनुभएको हो। प्रधानमन्त्री सुशीला कार्कीले शर्मालाई आजै परराष्ट्रमन्त्रीमा नियुक्त गर्नुभएको हो। मन्त्रिपरिषद् विस्तारसँगै कार्की नेतृत्वको सरकार १५ सदस्यीय बनेको छ। शपथ समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री कार्की, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतसहित सरकारका उच्च पदस्थ कर्मचारी, कूटनीतिक नियोगका प्रमुख, सुरक्षाकर्मीसँगै संवैधानिक अंगका प्रमुख र उच्चपदस्थ कर्मचारीको सहभागिता थियो। नेपाली सेनाका पूर्वरथी शर्माले तत्कालीन सेना समायोजन विशेष समितिको सचिवालय संयोजकको भूमिका समेत सम्हाल्नुभएको थियो। संयुक्त राष्ट्र सङ्घीय शान्ति सेनाको फोर्स कमाण्डरको जिम्मेवारी समेत सम्हालिसक्नुभएका उहाँ हाल प्रतिरक्षा विश्वविद्यालयको अध्यक्ष हुनुहुन्छ।

## आठौँ बागलुङ महोत्सव सुरु

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ पुस



आठौँ बागलुङ महोत्सव शुक्रबारदेखि सुरु भएको छ।

बागलुङ नगरपालिका-१ रामरेखास्थित बाङ्गेचौर खेल मैदानमा आज झाँकी तथा बाजागाजासहित नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले महोत्सव उद्घाटन गर्नुभयो।

'पर्यटन, कृषि, कला, संस्कृति, उद्योग र व्यापार, समृद्ध बागलुङ निर्माणको आधार' भन्ने नारासहित गण्डकी प्रदेशस्तरीय पर्यटन, कृषि औद्योगिक व्यापार मेला तथा बागलुङ महोत्सव आयोजना गरिएको उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजनकुमार शाक्यले बताउनुभयो।

पर्यटन प्रवर्द्धन, जिल्लाको विकासमा महोत्सवले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। महोत्सवमा करिब १० लाखले अवलोकन गर्ने र रु १० करोडभन्दा बढीको कारोबार हुने अपेक्षा गरिएको छ। महोत्सव यही पुस २१ गतेसम्म सञ्चालन हुनेछ।

## १६ औँ राष्ट्रपति रनिङ शिल्ड १७ पदक सहित कालिका मावि जित्यो

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस



पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजनामा भएको १६ औँ राष्ट्रपति रनिङ शिल्ड तथा पाँचौ मेयर कप विद्यालय खेलकुद प्रतियोगितामा पोखरा रामबजारको कालिका मावि जित्न सफल भएको छ। कालिकाले ८ स्वर्ण, ६ रजत र ३ काश्य सहित कुल १७ पदक हात पार्न सफल भएको हो।

द्वितीय स्थान शहीद स्मृति माविले ल्यायो। शहीद स्मृतिले ६ स्वर्ण, ५ रजत र ४ काश्य सहित कुल १५ पदक जितेको छ। तृतीय बनेको सैनिक आवासीय माविले ५ स्वर्ण, १ रजत र ८ काश्य गरेर कुल १४ पदक हात पारेको छ। समितिका अध्यक्ष दीपक बहादुर गोदारका अनुसार प्रतियोगितामा कुल ४ सय ४ पदकका सामुदायिक तथा संस्थागत विद्यालयका ३ हजार भन्दा बढि विद्यार्थीले प्रतिष्पर्धा गरेका थिए। प्रतियोगितामा उसु, कराँते, तेक्वान्दो, भलिबल, कबड्डी र एथलेटिक्स गरि ६ वटा विधा समावेश गरिएको थियो। कबड्डीतर्फ छात्रामा रामेश्वरी माविलाई स्वर्ण, शहीद स्मृति आवासीय माविलाई रजत र प्रतिभा मावि तथा कालिका माविलाई काश्य पदक हात पऱ्यो। छात्रतर्फ कालिका माविलाई स्वर्ण, प्रतिभा माविलाई रजत र गौरी शङ्कर मावि तथा भवानी कालिका माविलाई काश्य पदक प्राप्त भयो।

कबड्डीमा प्रथम हुने टिमले ३० हजार, द्वितीय हुनेले २० हजार र तृतीय हुने दुवै टिमले १२ हजार-१२ हजार रुपैयाँ नगद सहित ट्रफी मेडल र प्रमाणपत्र हात पारे। भलिबल छात्रा तर्फ शान्ता माविलाई स्वर्ण, कालिका माविलाई रजत र टप्स बोडिङ स्कुललाई काश्य पदक प्राप्त भयो। छात्र तर्फ पोखरा युनाइटेड एकेडेमीलाई स्वर्ण, प्रतिभा माविलाई रजत र गुरुकुल विद्यासदनलाई काश्य पदक हात पऱ्यो। भलिबलमा प्रथमले ३० हजार, द्वितीयले २० हजार र तृतीयले १२ हजार रुपैयाँ सहित पदक र प्रमाणपत्र प्राप्त गरे। एथलेक्टिस छात्रतर्फ कालिका मावि प्रथम भयो, कास्की मोडर्नाइज्ड एकेडेमी द्वितीय र हार्वड एकेडेमी तृतीय भए। छात्रा तर्फ छोरेपाटन मावि प्रथम, सगरमाथा मावि द्वितीय र फिस्टेल एकेडेमी तृतीय भए। एथलेटिक्स तर्फ ८४ विद्यालयका ६ सय ६५ छात्र छात्रा सहभागी भएका थिए। कराते तर्फ ४१ विद्यालयका छात्र तर्फ ६० र छात्रा तर्फ ७१ खेलाडीले प्रतिष्पर्धा गरेको उनले जनाए। यो विधा मार्फत १२ स्वर्ण, १२ रजत र २४ काश्य गरेर कुल ४८ पदक वितरण गरिएको उनले खुलाए। मार्चपास तर्फ रत्न ज्योति मावि प्रथम भयो। कान्तिपुर एकेडेमी द्वितीय, हार्वड स्कुल तृतीय र युनिभर्स बोडिङ स्कुल सान्त्वना भए। मार्च पासमा ४० विद्यालयले सहभागिता जनाएका थिए। मार्चपासमा प्रथम टिमले २० हजार, द्वितीयले १५ हजार तृतीयले १० हजार र सान्त्वना टिमले ५ हजार रुपैयाँ प्राप्त गरे। विजेता खेलाडीलाई पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, प्रमुख प्रकाशकीय अधिकृत मुक्तिराम अर्याल, पोखरा महानगर पालिका खेलकुद विकास समितिका अध्यक्ष दीपक बहादुर गोदार, शिक्षा महाशाखा प्रमुख हेम प्रसाद आचार्य, शिक्षा अधिकृत सोमनाथ भण्डारी लगायतले पुरस्कार वितरण गरेका थिए। मेयर आचार्यको प्रमुख आतिथ्यतामा भएको समापन समारोहको अध्यक्षता समितिका अध्यक्ष गोदार सञ्चालन सदस्य सचिव सुरज अधिकारीले गरेका थिए।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मुस्ताङ भन्सारबाट एघार अर्बको समान निकासी पैठारी

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस



कोरला नाकास्थित मुस्ताङ भन्सार कार्यालयबाट रु ११ अर्ब एक करोड ९५ लाख बराबरको सामान निकासी पैठारी भएको छ।

गत ३० भदौदेखि पूर्ण रुपमा सञ्चालनमा आएको नेपाल-चीनस्थित कोरला नाकाबाट १० पुससम्ममा निकासी तथा पैठारी गरी उक्त मूल्य बराबरको वित्तीय कारोबार भएको मुस्ताङ भन्सार कार्यालयका प्रमुख रमेश खड्काले जानकारी दिनुभयो। कोरला नाका पूर्ण रुपमा सञ्चालनमा आएदेखि हालसम्म यहाँको कोरला नाका हुँदै चीनतर्फबाट रु १० अर्ब ८२ करोड ९८ लाखको मालवस्तु नेपाल भित्रिएको बताउनुभयो। यसैगरी नेपालबाट हस्तकलालगायतका नेपाली उत्पादन रु १८ करोड ९७ लाख ७८ हजार बराबरको मालवस्तु यहाँको भन्सार कार्यालयमा जाँचपाँस भई चीनतर्फ निकासी भएको भन्सार प्रमुख खड्काले जानकारी दिनुभयो । कोरला नाकाबाट हालसम्म दुई हजार ७४ विद्युतीय सवारीसाधन नेपाल भित्रिएका छन् । आइतबारदेखि कोरला नाकाबाट थप चिनियाँ विद्युतीय सवारीसाधन नेपाल भित्रिने क्रममा रहेको उहाँले बताउनुभयो।

यसै महिना बिवाइडी कम्पनीले कोरला नाकाबाट पाँच सय बढी विद्युतीय सवारीसाधन चीनबाट पैठारी गरिरहेको भन्सार जनाएको छ । सोही कम्पनीको ३०० बढी विद्युतीय सवारी भन्सार जाँचपास भई गन्तव्यतर्फ प्रस्थान गरिसकेको भन्सार प्रमुख खड्काले बताउनुभयो।

यहाँको कोरला नाकाबाट मुस्ताङ भन्सार कार्यालयबाट जाँचपास भई निकासी तथा पैठारी भएका मालवस्तु तथा विद्युतीय सवारीसाधनबाट रु पाँच अर्ब छ करोड ६२ लाख सङ्कलन भएको भन्सार प्रमुख खड्काले जानकारी दिनुभयो।

नेपाली बजारमा विद्युतीय कारको प्रयोग बढ्दै गएकाले पछिल्लो समय नेपालका विभिन्न कम्पनीले कोरला नाकाबाट चीनमा बनेका विद्युतीय सवारीसाधन आयात गर्दैआएका छन् । इन्धनको बचत तथा कार्बन उत्सर्जन घटाउन यस प्रकारका विद्युतीय सवारीसाधन उपयोगी हुने भएकाले सरकारले यस्ता सवारीसाधनलाई भन्सार सहुलियत प्रदान गरिएकाले नेपालमा विद्युतीय सवारीसाधनको माग बढेको हो। हिउँदयामको प्रतिकूल मौसममा समेत चीनबाट धमाधम कोरला नाका हुँदै विद्युतीय सवारीसाधन भित्रिएपछि कोरला नाकाको चहलपहल र भन्सार कार्यालयको कार्यसम्पादन गतिशील बनेको पाइएको छ। हिउँदयामसँगै ४६१० मिटरको उचाइमा अवस्थित कोरला नाकाको बिहान र बेलुकीको तापक्रम माइनस २० डिग्री रहेको छ । प्रतिकूल मौसमका बाबजुत कोरला नाकाबाट विद्युतीय सवारीसाधन नेपाल भित्रिदै छन् ।

यहाँस्थित मुस्ताङ भन्सारमा जाँचपास सकेका विद्युतीय सवारीसाधनलाई जोमसोमसम्म र जोमसोमबाट पोखरासम्म चालकले गन्तव्यतर्फ पुऱ्याउन थालेका छन् । यसरी मुस्ताङबाट बाहिरिएका विद्युतीय सवारीसाधनलाई पोखराबाट अर्को चालक समूहले सम्बन्धित कम्पनीको शोरुमसम्म पुऱ्याउने गरेका छन् । त्यसअघि यहाँ भित्रिने विद्युतीय सवारीसाधनलाई चिनियाँ भन्सारबाट स्थानीय सीमापार पास भएका चालकले चलाएर कोरला नाकाको नेपालतर्फ बाहिर निकाल्ने काम गर्छन् । प्रतिकूल मौसमका कारण कोरला नाका बन्द हुने अनुमान गरिए पनि चीनतर्फबाट धमाधम मालवस्तु र विद्युतीय सवारीसाधन भित्रिँदा कोरला नाकाबाट दुई देशबीचको आयात/निर्यात चलायमान भएको हो । नाकाबाट धमाधम विद्युतीय सवारीसाधन भित्रिन थालेपछि बेनी-जोमसोम-कोरला सडकमा सञ्चालित विद्युतीय 'चार्जिङ स्टेशन'हरू व्यस्त छन् । हिउँदयामको मौसममा माथिल्लो मुस्ताङका नागरिक धमाधम बेँसी झरिसकेको भए पनि कोरला नाकामाआयात/निर्यातकोकारोबार घटेको छैन । भन्सार प्रमुख खड्काले विद्युतीय सवारीसाधनका अलावा हालसम्म दैनिक १०/१२ मालबाहक कन्टेनर मालवस्तु नेपाल-चीन निकासी/पैठारी भइरहेको जानकारी दिनुभयो ।

# माछापुच्छ्रे बैंक पोखरा ओपन तथा भेट्रान्स राष्ट्रिय टेनिस प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस



पोखरामा २२ औं संस्करणकको माछापुच्छ्रे बैंक पोखरा ओपन तथा भेट्रान्स राष्ट्रिय टेनिस प्रतियोगिता सुरु भएको छ । प्रतियोगिताको मुख्य प्रायोजक माछापुच्छ्रे बैंक लिमिटेडका अध्यक्ष रोशन केसीले एक समारोहका बीच टुर्नामेन्ट डाइरेक्टर कुमार अधिकारीलाई बल हस्तान्तरण गर्दै प्रतियोगिताको उद्घाटन गर्नुभयो।

उद्घाटन समारोहमा बोल्दै केसीले पोखराले टेनिस खेलमा पाएको सफलता अन्य खेल संघका लागि पनि अनुकरणिय रहेको बताउनुभयो । पोखरेलीहरुको एकता र साझा प्रयासबाट पोखरा रंगशालाभित्र भौतिक विकासमा महत्पूर्ण सफलता पाएको उहाँले जनाउनुभयो। साथै प्रतियोगिताको निरन्तरताका लागि आगामी वर्षहरुमा पनि बैंकले साथ दिने प्रतिवद्धता जनाउनुभयो। उद्घाटन समारोहमा आयोजक संघका प्रथम उपाध्यक्ष समेत रहनुभएका प्रतियोगिता संयोजक नविन चालिसेले प्रतियोगिताका बारेमा प्रकास पार्नुभएको थियो । महासचिव भिष्मराज पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा बोल्दै संघ कास्कीका अध्यक्ष राजकुमार गुरुङले प्रतियोगिता आयोजनामा सहयोग गर्ने सहयोगीदाताहरुप्रति आभार व्यक्त गर्नुभयो।

यसैबिच प्रतियोगिताको उद्घाटन दिन मेन्स सिंगलतर्फ करन बहादुर थापाले शास्वत बज्राचार्यलाई, सन्दिप विकले प्रफुल्ल श्रेष्ठलाई, जेयुन किमले पेमा नोर्बुलाई, प्रितम परियारले उमिद शेर्पालाई, सुरेन्द्र विकले अन्जोअ थिङलाई, बिवेक मगरले देव आशिषलाई पराजित गरे । त्यसैगरि आशव सम्राट हाडाले सुमन थारुलाई, दर्शिल श्रेष्ठले निश्चल कायस्थलाई, उगेन शेर्पाले मनोज महर्जनलाई, प्रकाश गुरुङले सुमन त्रिपाठीलाई, सोमज श्रेष्ठले पासाङ शेर्पालाई पराजित गरे। ४५ वर्ष माथिएको मेन्स सिंगलमा शरण गुरुङले बलराम सापकोटालाई, निरज थापाले नारायण पहारीलाई, भिष्मराज पौडेलले सुनिल श्रेष्ठलाई, सेजार गुरुङले विकास गुरुङलाई पराजित गरे। ४५ वर्ष माथिको डबल्समा गोपीबहादुर भट्टराई र धरमसिंह लामिछानेको जोडीले केवी तामाङ र विरेन लामाको जोडीलाई पराजित गरे।

५५ वर्ष माथिको एकलमा जितेन्द्र प्रधानले हेमचन्द्र गुरुङलाई, करिमुल्ला मुस्लिमले नवाङ लामालाई, जितेन्द्र खड्काले सुरेन्द्र माकाजुलाई पराजित गरे। ५५ वर्ष माथिकै डबल्सतर्फ अनु जोन र मनु त्रिपाठीको जोडीले प्रकास बस्नेत र मनोज नेपालको जोडीलाई तथा देव क्षेत्री र हिमाल शाहको जोडीले यज्ञबहादुर भण्डारी र अमृत गुरुङको जोडीमाथि जित निकाल्दै दोश्रो चरणमा प्रवेश गरेका छन्।

# कोठेगाउँमा बाँसका सामग्री बनाउनेको सङ्ख्या घट्दै

**रासस**
पोखरा, ११ पुस



पोखरा महानगरपालिका-३२ को मालेपाटनस्थित कोठेगाँउमा बाँसका सामग्री बनाउने र बिक्री गर्नेको सङ्ख्या घट्दै गएको छ। पहिला गाउँका २८ परिवारले कोठेलगायत बाँसका सामग्री बुनेर बिक्री गर्न गाउँगाउँ पुऱ्याउथे भने अहिले त्यो सङ्ख्या घटेर पाँचमा सीमित बनेको हो।

"बाँसका चोयाबाट कोठो बुन्ने भएकाले पोखरा-३२ को मालेपाटनस्थित सुनार गाउँलाई परापूर्वकालदेखि कोठेगाउँ भन्ने गरिन्थ्यो, तर युवा शिक्षा, रोजगारीका कारण बाहिर जाने तथा वैकल्पिक पेसा अवलम्बन गर्न थालेपछि गाउँमा बाँसका सामग्री बुन्नेको सङ्ख्या २८ बाट पाँचमा झरेको छ, ती पनि उमेर कटेकाहरू मात्र छन्", स्थानीय ६३ वर्षीय गोपाल सुनारले भन्नुभयो।

उहाँका अनुसार कोठेगाउँका बेरोजगार युवा पनि यो पेसामा आउन मान्दैनन्। "बरु विदेशको खाडीमा पुगेर काम गर्न तयार छन् तर यो पेसा गर्दैनन् । अहिलेका केटाकेटीलाई बाँसको काम गर्न लाज लाग्छ अरे", उहाँले भन्नुभयो । चोयाबाट कोठो, कोक्रो, भकारी, डोका, नाङ्लो बुनेर मासिक रु ३० हजार आम्दानी हुने गोपालले जानकारी दिनुभयो । "पहिलेको जस्तो चोयाका सामग्री बिक्रीका लागि बजार खोज्दै जानु पर्दैन, अहिले घरमै आएर व्यापारीले लैजान्छन् । सीप जानेपछि त्यसले जीवनभर आम्दानीको स्रोत सुनिश्चित गरिरहन्छ", उहाँले भन्नुभयो । विसं २०२७ मा गुल्मीबाट आएर पोखरा-३२ को मालेपाटनमा बसेका २८ सुनार परिवारको मुख्य पेसा चोयाका सामग्री बुन्ने र गाउँगाउँमा लगेर बिक्री गर्ने थियो । विशेषगरी कोदो राख्नका लागि प्रयोग हुने कोठो बढी बुन्ने गरिने भएकाले गाउँको नामाकरण नै कोठेगाउँ रहेको गोपालको भनाइ छ। आगामी १० वर्षपछि कोठेगाउँमा यो पेसा लोप हुने अवस्थामा पुगेको भन्दै गोपालले दुखेसो गर्नुभयो। "यवा बुन्दैनन्, बुढाहरू मरेर जान्छन्, अनि गाउँको पहिचान नै मेटिन्छ। एक-दुई जना युवाले यो पेसालाई निरन्तरता हो भने पनि गाउँको पहिचान रहने थियो कि ?", उहाँले प्रश्न गर्नुभयो। मानिसको जन्मदेखि मरणसम्म बाँस र बाँसबाट बनेका सामग्रीको प्रयोग हुने भएकाले यो पेसाको संरक्षण र पुस्तान्तरणमा सरोकार भएका निकाय लाग्नुपर्नेमा गोपालले जोड दिनुभयो। ससाना घरायसी सामग्रीदेखि ठूलाठूला होटल रेस्टुरेन्टसम्म बाँसबाट बनेका सामग्री प्रयोग हुन्छन्। तर, हामीले त्यसको महत्व नबुझ्दा पछि परेका छौँ", उहाँले भन्नुभयो, "युवाहरूलाई यो पेसामा आकर्षण गर्नका लागि लेखनाथ उद्योग वाणिज्य सङ्घले आयोजना गरेको व्यापार मेलामा मैले कोठो बुनिरहेको छु।"

घरेलु उपयोगदेखि फर्निचर, खाद्य सामग्री, व्यापारिक प्रयोजन, पशुआहाराका रूपमा पनि बाँसका सामग्री प्रयोग गरिँदै आइएको छ। साथै भू-क्षय तथा बाढी,पहिरो नियन्त्रणमा पनि यसले सहयोग पुऱ्याउने कृषिविज्ञ बेनीबहादुर बस्नेतले बताउनुभयो । उहाँका अनुसार बाँस ग्रामीण कृषक तथा विपन्न समुदायको आयआर्जनको महत्वपूर्ण स्रोत बनिरहेको छ । नेपालमा १२ जातिअन्तर्गत ५३ भन्दा बढी प्रजातिका बाँस पाइने कृषिविज्ञ बस्नेतले जानकारी दिनुभयो । उहाँका अनुसार यीमध्ये सात प्रजातिका बाँस संसारमा कतै नपाइने रैथाने (इन्डेमिक) प्रजातिका छन् । "नेपालमा दुई जातिअन्तर्गत १० प्रजातिका बेतहरू पाइन्छ। बेत पनि बाँस प्रजातिम पर्ने विज्ञहरू बताउछन्", उहाँले भन्नुभयो । नेपालका तराईदेखि पहाडी क्षेत्रमा बाँस पाइन्छ। तराईको सबैभन्दा होचो भाग झापा जिल्लाको कचनकवल क्षेत्रदेखि चार हजार मिटर उचाइसम्म बाँस पाइने कृषिविज्ञ बस्नेतले जानकारी दिनुभयो। नेपालमा बाँसको टुसा खानेदेखि बाँसका ह्यान्डीग्राफका रूपमा समेत प्रयोग हुन्छ । बाँसका टुसा अचार, तरकारीका रूपमा खाने गरिन्छ । "बाँसबाट एक हजार ५०० प्रकारका वस्तु बनाउन सकिन्छ", बस्नेतले भन्नुभयो, "डोको, नाम्लो, सुपो (नाङ्लो), टेबल, कुर्सीलगायत विभिन्न सामग्री बनाउन सकिन्छ ।" बाँसबाट निर्मित हस्तकला, फर्निचर र घरायसी सामग्रीको माग स्वदेश तथा विदेशमा बढिरहे पनि पर्याप्त ज्ञान र सीपको कमीले व्यावसायिक खेती प्रणालीको विकास हुन नसकेको उहाँको भनाइ छ । बाँसको आन्तरिक बजार अनुमानित एक अर्ब बराबर रहेको जनाउँदै कृषिविज्ञ बस्नेतले छिमेकी मुलुक चीन र भारतसँग समन्वय गरी सरकारले व्यावसायिक बाँसखेतीको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो। "यहाँ खपत हुने बाँसका कच्चा सामग्रीका लागि नेपाल आत्मनिर्भर छ। तर, बेत सामग्री भारत र बङ्गलादेशबाट आयात हुन्छ। बाँसका सामग्री आयात र निर्यातमा नेपालले व्यापार घाटा व्यहोर्नु परिरहेको छ", उहाँले भन्नुभयो।

## २७ औं ...

लाइभ कन्सर्ट, खेलकुद तर्फ डुंगा दौड प्रतियोगिता, वेटर रेस, डोरी तान्ने प्रतियोगिता, मःम तथा ससेज खाने लगायत अन्य थप प्रतियोगिताहरु समावेस गरिने छ।

सचेतनामुलक सडक नाटक, सेल्फी फोटो बुथ लगायत रहने भएको कार्यक्रम संयोजक तथा रेवान पोखराका उपाध्यक्ष वसन्त गौतमले जानकारी दिनुभयो । त्यस्तै, महोत्सव अवधीभरमा पोखराको पर्यटनको विकास, प्रवर्द्धन, अवसर तथा चुनौतिका विषय केन्द्रीत अर्न्तक्रिया कार्यक्रम पनि हुने संयोजक गौतमले बताउनु भयो।

चप्रवर्द्धकमा नेपाल पर्यटन वोर्ड, पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार, पोखरा भ्रमण वर्ष २०२५ र पोखरा पर्यटन परिषद् रहेका छन्। त्यस्तै सिद्धार्थ बैंक लिमिटेड बैंकिङ पार्टनरमा रहेको छ । म पानी, गृहलक्ष्मी ग्याँस, अन्नपूर्ण केवल कार, रेड बुल सहयोगी संस्थामा रहेको रेवान पोखराका महासचिव बीरेन्द्र शेरचनले जानकारी दिनुभयो।

महोत्सवमा पोखरा सेरोफेरोको स्थानीय उत्पादित हस्तकला, चित्रकला, मुर्तिकला तथा कृषि, वनस्पती लगायतका कृषि उपजहरुलाई प्राथमिकता साथ प्रदर्शनी गरिने भएको छ। महोत्सवमा शान्ति सुरक्षाको सुरक्षानिकायसंगको सहकार्यमा तथा स्वयम सेवकको आवश्यक व्यबस्था गरिने निवर्तमान अध्यक्ष नरेश भट्टराईले बताउनु भयो । हिट्स अफ नाईन्टिज अन्तर्गत पुस १५ गते स्वप्न सुमन र केहर एण्ड द लुङ्गाले लाईभ व्याण्ड प्रस्तुती दिने अल टेक नेपालका सञ्चालक शेरबहादुर गुरुङले जानकारी दिनुभयो।

यस बर्ष स्थानिय कलाकारलाई बढी प्रथामिकता दिने उहाँले जनाउनु भयो । पूर्व अध्यक्ष चौबहादुर गुरुङले यस बर्ष पोखरामा रोदी घन्कने बताउनु भयो। गुरुङ तथा मगर समुदायको रोदी बस्ने चलनलाई एक समुहले पोखरामा त्यसको प्रर्दशन समेत गर्ने उहाँले जनाउनु भयो।

## आर्थिक ...

समस्या, सीप तथा तालिमको कमी र महिला विभेद कायम रहेको विषय प्रमुख रूपमा उठाइए।

सहभागीहरूले अझै जातीय विभेद र छुवाछुतका घटनाहरू देखिनु, दलित समुदायको कला-संस्कृतिको संरक्षण आवश्यक हुनु तथा अपाङ्गताको विविधता अनुसार अलग-अलग समस्या प्रतिवेदनमा समेटिनुपर्ने सुझाव प्रस्तुत गरे । नेपालले अनुमोदन गरेका नौवटा ठूला अन्तर्राष्ट्रिय महासन्धिमध्ये सातवटा अनुमोदन भइसकेको तथा तीमध्ये आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिबारे विशेष छलफल गरिएको कार्यशालामा जानकारी गराइएको थियो । कार्यक्रम सम्झा श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो भने संचालन इन्सेक गण्डकी प्रदेश संयोजक गणेश भण्डारीले गरेका थिए। सहभागीहरूले महासन्धीलाई कानूनसरह व्यवहार गर्दै प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न माग गरेका छन्।

# कास्कीमा १७ हजार बढी नयाँ मतदाता थप

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस

आसन्न निर्वाचनका लागि जिल्लामा १७ हजारभन्दा बढी मतदाता थप भएका छन्।

यसअघिको निर्वाचनमा यहाँ दुई लाख ९४ हजार १५१ मतदाता रहेकामा आसन्न निर्वाचनका लागि थप १७ हजार ८४२ जनाले नयाँ मतदाता नामावलीका लागि आवेदन दिएका हुन् । जिल्ला निर्वाचन कार्यालयले नयाँ मतदाताका लागि गत असोज १० गतेदेखि मङ्सिर ५ गतेसम्म आवेदन माग गरेकामा उक्त सङ्ख्याका मतदाताले आवेदन दिएको प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो।

नयाँ मतदाता नामावलीका सम्बन्धमा कार्यालयले थप अध्ययन गरिरहेको उल्लेख गर्दै उहाँले शीघ्र अन्तिम नामावली प्रकाशन गरिने बताउनुभयो।

जिल्लामा निर्वाचनका लागि १५३ मतदानस्थल तय भइसकेका जानकारी दिँदै सूचना अधिकारी न्यौपानेले यसअघिको निर्वाचनमा १५० निर्वाचनस्थल रहेका बताउनुभयो। उहाँका अनुसार अन्तिम मतदाता नामावाली तय भएपछि मात्रै मतदान केन्द्रहरूबारे टुङ्गो लाग्नेछ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# गौरी शकंर मनिलाल मा.वि.को ५४ औं वार्षिकोत्सव सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ११ पुस



कास्की माछापुच्छे गाउँपालिका वडा न.९ सैतिखोलामा स्थापित श्री गौरी शकंर मनिलाल मा.विको ५४ औं वार्षिकोत्सव, अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम बिहीबार सम्पन्न भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मेख तामाङको अध्यक्षता तथा माछापुच्छ्रे गाउँपालिका अध्यक्ष मीन बहादुर गुरुङको प्रमुख आतिथ्यतामा उक्त समारोह सम्पन्न भएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष मीन बहादुर गुरुङले स्थापनाकाल देखि विद्यालय बनाउन विभिन्न क्षेत्रबाट सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद दिँदै सामुदायिक विद्यालयको स्थायित्वमा जोड दिँदै शैक्षिक गुणस्तर वृद्धिमा ध्यान दिनुपर्ने बताउनु भयो । गौरीशङ्कर मा.विमा खेलकुद मैदानको अभाव रहेको विद्यालयले पटक पटक पालिकालाई जानकारी दिएको बताउँदै खेल मैदान व्यवस्थापनका लागि पालिकाबाट आगामी दिनमा आवश्यक सहजीकरण गरिने थप उल्लेख गर्नुभयो । उपाध्यक्ष सीता अधिकारीले शिक्षाको महत्वलाई पालिकाले आत्मसात् गर्दै पालिका स्तरबाट गुणस्तरीय शिक्षाका लागि प्राथमिकता आधारमा आवश्यक कदमहरूलाई निरन्तरता दिँदै आएको बताउनु भयो । शिक्षामा अमूल परिवर्तनका लागि, शिक्षक, अभिभावक, विद्यार्थी, सामाजिक व्यक्तित्व, राजनितिकदल एवं शिक्षा प्रेमीहरू एक हुन आग्रह गर्नुभयो । आफू अध्ययन गरेको विद्यालय रहेको बताउँदै आफ्नो बाल्यकालको विद्यालय जीवनको पनि स्मरण गर्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रक्ष बहादुर क्षेत्रीले प्र.अको प्रतिवेदनमा विद्यालयको आयव्यय विवरण, शैक्षिक सुधारका लागि विद्यालयद्वारा चालिएका कदमहरू र भावी योजना प्रस्तुत गर्नुभयो । उक्त अवसरमा पछिल्लो समय कक्षा ८ देखि १० सम्म ३ वटा स्मार्ट बोर्ड जडान गरी प्रविधिमैत्री शिक्षालाई प्राथमिकता दिएको बताउँदै अन्य कक्षामा पनि आगामी दिनमा निरन्तरता दिने लक्ष्य रहेको बताउनु भयो ।

वार्षिकोत्सव समारोहमा सामाजिक विकास समिति संयोजक एवं वडा न.९ का अध्यक्ष श्री हरि बहादुर क्षेत्री, वडा नं.५का अध्यक्ष नारायण प्रसाद पौडेल, पृथ्वीनारायण क्याम्पस शिक्षा सं काय अंगेजी शाखा प्रमुख युवराज दवाडी, पूर्व वि।व्या।स अध्यक्ष गौरी प्रसाद दाहाल, विद्यालयका संस्थापक प्रतिनिधि, मनीलाल प्रतिष्ठान अध्यक्ष एवं वडा नं. ९ वडा सदस्य रामहरि गुरुङ, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय ल्वाङका कार्यालय प्रमुख लेखनाथ गौतम, अक्षयकोषदाता सूर्य बहादुर योनजन, पूर्व विद्यार्थी प्रज्वलन क्षेत्री, लगायतले धारण राखेका थिए । वार्षिकोत्सवका अवसरमा विद्यालयको बृहत्तर विकासका लागि योगदान पुर्‍याउने शिक्षक कर्मचारी, अभिभावक, पूर्व विद्यार्थी, अक्षयकोषदाता, जग्गादाता लगायत विभिन्न अक्षयकोषदाताबाट स्थापना गरिएका सम्बन्धित विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण, सर्वोत्कृष्ट नतिजा पुरस्कार लगायतका,दिर्घ सेवा एवं विभिन्न विधाका सम्मान तथा शैक्षिक सँगै अतिरिक्त क्रियाकलाप अन्तर्गतका पुरस्कार प्रदान गरिएको थियो ।

कार्यक्रममा विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधि, विद्यालयका अभिभावक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारी, पूर्व विद्यार्थी, अक्षयकोषदाता, जग्गादाता लगायत स्थानीयहरूको उपस्थिति रहेको थियो । विद्यार्थी निलम गुरुङको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन शिक्षक मीनराज पौडेलले गर्नुभएको थियो ।

# अन्नपूर्ण आमा समुह बैदाममा: गोमा पगेनी

पोखरापत्र संवाददाता
पोखरा, ११ पुस



अन्नपूर्ण आमा समुह पोखरा महानगर पालिका वडा नं- ६ बैदामको अध्यक्षमा गोमा पगेनी चयन भएकी छन ।

संस्थाको विहीबार सम्पन्न १४औ अधिवेशन तथा २७औं साधारणसभाले पगेनीको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मतिले चयन गरको सल्लाहकार तथा निर्वाचन मण्डलका संयोजक नेत्रलाल भण्डारीले जानकारी दिए । संस्थाको प्रथम उपाध्यक्षमा चन्द्रकला घिमिरे पहारी चयन भएकी छन् । यस्तै द्वितीय उपाध्यक्ष गोमा भण्डारी, सचिवमा ऋषिमाया पहारी, कोषाध्यक्षमा उर्मिला ढकाल, स-सचिबमा कमला अधिकारी, कोषाध्यक्षमा गौमाता कुवँर चुनिएकी छन् । यस्तै सदस्यहरूमा भुमि जि.सी, तारा रेग्मी, पार्वती न्यौपाने, सिता ढकाल, सिता पौडेल, जानका पौडेल, निरा पौडेल, रमा शिवभक्ति, मिठु गिरी, मगली भुजेल, गायत्री भुजेल भट्टराइ, यसोदा लामिछाने, विमला कार्की कुवँर र शान्ति पौडेल चयन भएका छन् । निर्वाचित समितिको कार्यकाल दुई वर्षको हुनेछ । निर्वाचन अघि भएको संस्थाको अधिवेशनमा उद्घाटन गर्दै प्रमुख अतिथि एवम् पोखरा महानगर पालिका वडा नं - ६ वडा अध्यक्ष विष्णु बहादुर भट्टराईले वडा नं- ६ मा रहेका आमा समुह मध्य अन्नपूर्ण आमा समुह अरु भन्दा पृथक रहेको बताए । संस्थाले समाजमा रहेका विकृति विसंगतिलाई न्यूनिकरण गर्दै जनचेतना फैलाउन सहयोग गरको र आफ्नो क्षेत्रमा फोहोर मैला व्यवस्थापनमा समेत उल्लेख्य योगदान रहेको बताए । सामाजिक क्षेत्रमा भएका विकृति र विसंगतिका बारेमा न्यूनिकरण गर्ने कुरामा समुहको योगदान महत्वपूर्ण रहने छ ।

पोखरा महानगर पालिका वडा न ६का वडा सदस्य दिपेन्द्र पहारीले संस्थाले समाजमा रहेको विकृति विसङ्गति सहित अन्धविश्वासको बारेका जनचेतना फैलाउन सुझाब दिए । समाज भइरहेको महिला हिंसाका विरुद्ध पनि आवाज उठाउन्नँ पर्ने बताए । सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा केन्द्र बैदामका अध्यक्ष ढाकुर बरालले महिलाहरूलाई संविधानले दिएको अधिकारको बारेमा समाजमा रहेका महिला दिदीबहिनीहरूलाई ज्ञान हुन आवश्यक रहेको सुनाए । अव्यवस्थित पार्किङ र ध्वनि प्रदुषण लाई न्यूनिकरण गर्ने तर्फ स्थानीय सरकारलाई सुझाए ।

पर्यटन व्यवसायी तथा सल्लाहकार भिमसेन भुजेलले फेवा तालको मापदण्डको नाममा राज्यले पर्यटन व्यवसायीलाई आतङ्कित पारेको बताए । महिला सञ्जाल बैदामकी अध्यक्ष बविता मल्लले महिला दिदीबहिनीहरु लाई आर्थिक उपार्जन सग जोडिन आग्रह गदर्,ै उद्यमसिल बन्न जोड दिइन । अध्यक्ष रेनु लामिछाने आफ्नो क्षेत्र भित्र फोहोर मैला ब्यवस्थापन देखी कोभिड र डेङ्गु रोगको बारेका जनचेतना सहित प्रचा पम्पिलेट सगै घरदैलो गरेको सुनाइन । अगामि दिनहरुमा पनि सदस्यहरुका आर्थिक स्तर सुर्धान गर्ने कार्यक्रम हरु ल्याउनु पर्ने बताइन । नवनिर्वाचित अध्यक्ष गोमा पगेनीले अग्रजहरुको सुझावलाई मध्यनजर गर्दै स्थानीय निकाए सगँ समन्वय गरेर सिप मुलक तालिमहरुको आयोजना आउँदा दिनहरुमा गर्ने प्रतिबद्धता ब्यक्त गरीन । सल्लाहकार तथा तथा पूर्व अध्यक्ष मिना ढकालले आमाहरुको विचार भावनाहरु आदान प्रदान गर्ने शसक्त माध्यम बन्दै, अग्रजहरुको राय सुझाब अनुसार अगाडि बढनु पर्ने सुझाब दिए । अध्यक्ष रेनु लामिछानेको सभाअध्यक्षतामा भएको कार्यक्रममा बरिष्ठ उपाध्यक्ष गोमा पगेनी ले स्वागत मनतब्य राखेको कार्यक्रममा सचिब गोमा भण्डारी, ओटेपकी अध्यक्ष ममता न्यौपाने, टेवानका उपाध्यक्ष अनिता खडका, सल्लाहकार होमनाथ पहारी, सल्लाहकार लोकराज पहारी, सल्लाहकार तथा फेवा ढुङ्गा व्यवसायी संगठनका अध्यक्ष बलराम गिरी र सल्लाहकार मित्रलाल पहारी लगाएतका बक्ताहरुले संस्थाले समाजमा पुयाएको योगदानको बारेमा चर्चा गर्दै, सदस्यहरुको क्षमता अभिवृद्धि देखी आर्थिक स्तरमा वृद्धि हुने खालका कार्यक्रम ल्याउन आयोजकलाई सुझाब दिएका थिए । कार्यक्रममा सचिब गोमा भन्डारी प्रस्तुत गरेको प्रगति प्रतिबेदन र कोषाअध्यक्ष पहारीले प्रस्तुत गरेको आर्थिक प्रतिबेदन सभाले सर्वसर्म्मत पारित गरेको थियो । संस्थालाई सहयोग गरेका सहगोग दातालाई सम्मान गरिएको थियो ।

# हेम्जा आवासीय विद्यालयद्धारा अभिभावक अभिमुखिकरण कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ११ पुस



हेम्जा आवासीय विद्यालय पोखरा-२५ हेमजाको आयोजनामा अभिभावक अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

माइन्ड टेक पोखराको सहकार्यमा भएको उक्त कार्यक्रममा विद्यालयका कक्षा नसर्री देखि कक्षा १० सम्मका अभिभावकको सहभागिता रहेको थियो । कार्यक्रमको सहजिकरण भक्तराज रसाईलीले गरेका थिए ।

विद्यार्थीहरुको पठन पाठन, दैनिकी क्रियाकलाप लगायत शैक्षिक, नैतिक, व्यवहारिक तथा मानसिक विकासलाई अझ प्रभावकारी बनाउन तथा अभिभावक र विद्यालय बिचतको सहकार्य सुदृढ बनाउने उद्देश्यले अभिभावक अभिमुखिकरण कार्यक्रम आयोजना गरिएको विद्यालयका संस्थापक प्रिन्सिपल केशब शरण पौडेलले जानकारी दिए ।

'विद्यार्थीको क्षमता अभिवृद्धि गर्न अभिभावक, शिक्षक विद्यालयले गर्नु पर्ने दायित्वबोधका विषयमा केन्द्रित रहेर यो कार्यक्रम आयोजना गरिएको हो' संस्थापक प्रिन्सिपल पौडेलले भने, 'पक्कै पनि यो कार्यक्रममा बाट केहि न केहि उपलब्धि हासिल गर्न सकिन्छ भन्नेमा विद्यालय परिवार आशावादी छ ।'अभिभावक विद्यार्थीको पहिलो पाठशाला भएकाले अभिभावकलाई केही नयाँ ज्ञान दिन र उनीहरुमा देखिएका समस्या समाधानका लागि यो कार्यक्रम प्रभावकारी रहेको विद्यालयले विश्वास लिएको छ । विद्यार्थी र अभिभावकमा हुने खराब आचरण अन्त्य गरेर असल बानी व्यावहारको सुरुवात, जिम्मेवारीपनको विकासमा यस कार्यक्रमले थप टेवा पुग्ने अभिभावकले बताएका थिए ।

कार्यक्रम मार्फत आफू सिकेर बच्चालाई सिकाउन सकिने भएकाले यो कार्यक्रम सिक्ने र व्यवहारमा उतार्न सहज हुने बताए । विद्यालयले गरेको यो अभिमुखिकरण कार्यक्रम मार्फत केही ज्ञान लिन पाएकोमा अभिभावक उत्साहित भएका थिए । समाजमा बढ्दै गएको अराजक, खराब बानी व्यावहारको अन्त्य गरेर असल व्यक्ति निर्माणमा यस कार्यक्रमले थप हौसला दिने अभिभावकले बताएका छन् ।

विद्यालयले समय समयमा शैक्षिक गुणस्त वृद्धिका लागि थुप्रै कार्यक्रम गर्दै आएको छ । विद्यार्थीलाई हौसला प्रदान गर्दै अभिभावकलाई थप जिम्मेवार बनाउने यस कार्यक्रमले थप टेवा पुग्ने विश्वास लिइएको छ ।

कार्यक्रममा सहजिकरण गर्दै भक्तराज रासाईलीले शिक्षा र संस्कारले विद्यार्थीलाई हरेक क्षेत्रमा पूर्ण बनाउने बताए । 'असल संगत, सकारात्मक बातवरण तथा विद्यालय र अभिभावक बिच सहकार्य गर्न सकेमा विद्यार्थीलाई असल बनाउन सकिन्छ' उनले भने, 'यी बातवरण सिर्जनका गर्ने काम विद्यालय शिक्षक र अभिभावकले गर्नुपर्दछ ।' कार्यक्रम शिक्षक अभिभावक संघका अध्यक्ष प्रकाशचन्द्र सापकोटाको अध्यक्षतामा भएको थियो ।

# द कन्टेन्डर फाइट सिरिज ३ सुरु

पोखरापत्र संवाददाता
पोखरा, ११ पुस



साक यान्त मुवाथाईको आयोजनामा पोखरामा अन्तराष्ट्रिय स्तरको 'द कन्टेन्डर फाइट सिरिज ३' सुरु भएको छ । शुक्रबादेखी सुरु भएको प्रतियोगिताको पहिलो दिन प्रिमेडिकल, सम्झौता हस्ताक्षर, प्राविधिक जानकारी तथा फेसअफको कार्यक्रम भएको थियो ।

मुवाथाई सँगै एमएमए (मिक्स मार्सल आट्र्स) समेत आयोजना हुने छ । प्रतियोगिताको मुख्य इभेन्ट भोलि हुँदैछ । पहिलो र दोस्रो संस्करणको सफलतापछि तेस्रो संस्करणमा केज फाइट जोडिएको छ । प्रतियोगितामा ३ राष्ट्रका ४८ फाइटरको सहभागिता रहेको छ । भारतका ८ शहरबाट ११ फाइटर, श्रीलंकाबाट १ र बाकी फाइटर नेपाली रहेका छन् । शनिबार २३ फाइट हुनेछन् । जसमा मुख्य इभेन्ट गण्डकी प्रदेशकी खेलाडी सुस्मिता थापा मगर र भारतकी सरिता राठोर बिच हुनेछ ।

मुख्य इभेन्टको विजेताले ८० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै उपविजेताले ४० हजार रुपैयाँ प्राप्त गर्नेछ । त्यो बाहेक नकआउट गराएमा थप ३० हजार रुपैयाँ बोनस खेलाडीले प्राप्त गर्नेछ । यस्तै अन्य फाइटमा नकआउट गरेमा १० हजार रुपैयाँ वोनस खेलाडीले पाउनेछ । आफु फाइटलाई लिएर निकै खुसी रहेको सुस्मिताले बताएकी छन् । उनले यस अघि भारतमा समेत पुगेर फाइट खेलेको अनुभव भएकाले भोलिको मुख्य इभेन्ट निकै प्रतिस्पर्धात्मक हुने बताइन् । उनको प्रतिद्धन्द्धी सरिता राठोरले आफु पोखरामा फाइट खेल्न पाउँदा निकै खुसी भएको सुनाउँदै सुस्मिताको फाइट आफुले देखेको कारण टक्कर दिने बताइन ।

यस्तै प्रतियोगिताका संयोजक खगेन्द्र क्षेत्रीले पर्यटकीय राजधानी पोखरामा मार्सलआर्टका समर्थक र पर्यटकलाई थप आकर्षकको रुपमा केज फाइट हुने जानकारी दिए । मुआथाईमा नयाँपन दिनका लागि तेस्रो संस्करण केजमा गराएको उनले बताए । 'फाइट नाइट आफैमा रोमाञ्चक खेल हो । पोखरा पर्यटकीय राजधानी भएकाले हामीले पर्यटन प्रबर्द्धनका लागि नै केज फाइट गर्न लागेका छौं' उनले भने, 'सम्भवत यो गण्डकी प्रदेशकै पहिलो केज फाइट हो । हामीले यसमा प्रवेश निशुल्क गरेका छौं ।' पोखरामा मुआथाई, एमएमए चिनाउनका लागि निशुल्क गरिएको उनले सुनाए । प्रतियोगिता भोलि १ बजेबाट बाराहिघाटस्थित खुल्ला चौरमा हुनेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# दोस्रो पुम्दी-भुम्दी पर्वतीय दौडको आय-व्यय सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, ११ पुस

गत असोजमा पोखरामा सम्पन्न दोस्रो पुम्दी-भुम्दी पर्वतीय दौड प्रतियोगिताको आय-व्यय सार्वजनिक गरिएको छ ।

पोखरा क्लिक र पोखरा प्रबर्धन केन्द्रको आयोजनामा गत असोज ११ गते सम्पन्न भएको प्रतियोगिता सम्पन्न गर्न १३ लाख २ हजार २ सय ५० रुपैयाँ खर्च भएको आयोजकले प्रेस विज्ञप्ति मार्फत सार्वजनिक गरेको हो । जेनजी आन्दोलनका कारण केही संघ संस्थाबाट भुक्तानी लिन ढिलाई भएकोले केही भुक्तानी गर्न बाँकी समेत रहेको प्रतियोगिताका संयोजक दीननाथ बरालले बताए । हालसम्म विभिन्न संघ संस्था तथा व्यक्तिबाट ९ लाख ९ हजार रुपैयाँ रकम संकलन भएको आयोजकले जनाएको छ । सहयोगको प्रतिबद्धता जनाएका केही संघ-संस्थाबाट रकम भुक्तानी हुने क्रम जारी रहेकाले घाटा केही परिमाणमा न्यूनीकरण हुने विश्वास गरिएको छ । संयोजक बरालले आगामी संस्करणलाई अझ व्यवस्थित बनाउने जानकारी गराए ।

प्रतियोगितामा नेपाल सहित ८ देशका १६७ धावक सहभागी भएका थिए । विश्व पर्यटन दिवसका अवसरमा आयोजना गरिएको दौडले खेल पर्यटन प्रवर्द्धनमा सकारात्मक योगदान पुर्‍याएको आयोजकको दाबी छ । आय-व्यय विवरणबारे सार्वजनिक गरिएको प्रेस विज्ञप्तिमा सहयोगकर्ता प्रति कृतज्ञता व्यक्त गर्दै आगामी संस्करणमा अझ व्यवस्थित रूपमा संचालन गरिने उल्लेख छ ।

प्रतियोगितालाई सफल पार्न नेपाल पर्यटन बोर्डले प्रवर्द्धन गरेको थियो भने त्यसैगरी पोखरा महानगरपालिका, पोखरा महानगरपालिका वडा नम्बर २२ लगायतका विभिन्न संघ संस्थाको सहयोग रहेको प्रतियोगिताका व्यवस्थापक सागर सुनारले बताए । दोस्रो पुम्दी-भुम्दी पर्वतीय दौड प्रतियोगिताको उपाधि सुदूरपश्चिमका नरेन्द्रसिंह रावतले जितेका थिए । विदेशी पर्यटक तर्फ फ्रान्सका थियो डनेट र भेट्रान्सतर्फ गण्डकीबाट किशोर थापा प्रथम भए । पोखरा वडा २२ तर्फ कुशल परियार प्रथम भएभने महिलातर्फ कोशी प्रदेशकी पदमकुमारी सुनुवार प्रथम भएकी थिइन् । यू-१६ मा प्रकाश थिङ प्रथम भएका थिए ।

प्रतियोगितामा ८२ वर्षका पुम्दीभुम्दीका लीलबहादुर गुरुङ र ११ वर्षका गण्डकी बोर्डिङ स्कुलका आरोन नेपाललाई जुनियरतर्फ सम्मान गरिएको थियो । प्रतियोगितामा नेपालका सात प्रदेश र विदेशका बेलायत, नर्वे, इजरायल, फ्रान्स, अमेरिका, स्पेन र क्यानडा सहित आठ देशका धावक सहभागी भएका थिए ।

# घाचोक–पोखरा सम्पर्क समाजको दोस्रो साधारणसभा

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस



घाचोक- माछापुच्छ्रे पोखरा सम्पर्क समाजको दोस्रो साधारणसभा शनिबार सम्पन्न भएको छ।

माछापुच्छ्रे गाउँपालिका-६ अस्ताममा आयोजित साधारणसभामा संस्थाले गरेका गतिविधिहरुको समिक्षा तथा भावी कार्ययोजना प्रस्तुत गरिएको थियो। साधारणसभाको समाजका पूर्वसल्लाहकार एवं ज्येष्ठ सदस्य शिवराम लम्सालले गर्नुभयो।

माछापुच्छे गाउँपालिका-३ घाचोक तथा वडा नं १ माछापुच्छे जन्म घर भई हाल पोखरामा विभिन्न पेशा, व्यवसायमा आवद्ध रही स्थायी तथा अस्थायी बसोबास गर्नेहरुको साझा संस्थाका रुपमा एक वर्षअघि समाज गठन गरिएको थियो। कार्यक्रममा माछापुच्छ्रे-१ का संस्थापक वडाध्यक्ष विरेन्द्र गुरुङले समाजले स्थापनाको छोटो समयमा गरेका कार्यहरु प्रशंसनीय रहेको बताउनुभयो। माछापुच्छ्रे-३ का संस्थापक वडाध्यक्ष सूर्यप्रसाद लम्सालले रेशम नेपालीको उपचार सहयोग संकलन अभियानमा समाजले नेतृत्वदायी भूमिका खेल्दै ठूलो धनराशी जुटाउने मद्धत गरेको बताउनुभयो। समाजका अध्यक्ष तोयनाथ वैरागी लम्सालले स्थापनाको छोटो समयै समाजले धेरै संस्थाको उद्धेश्य अनुसार सृजनशील काम गरेको बताउनुभयो। उहाँले समाजका सदस्यहरुको दुःख सुःखमा सँधै साथमा रहेको बताउनुभयो। अध्यक्ष लम्सालले भन्नुभयो,“ समाजले बेलाबेलामा रचनात्मक र सामाजिक कार्य गर्दै आइरहेको छ। हामी आगामी दिनमा समाजलाई थप गतिशिल ढंगले अगाडि बढाउनु आवश्यक छ। घाचोक र माछापुच्छ्रेका विकासमा कसरी योगदान गर्न सकिन्छ भनेर लागिपर्ने छौं।” उहाँले जन्मभूमिको विकासका सन्दर्भमा बृहत् अन्तरक्रिया तथा स्वास्थ्य शिविर आयोजनाको कार्यक्रम अघि सार्नुभयो।

समाजका सल्लाहकार संयोजक मीनप्रसाद लम्सालले समाजका गतिविधिलाई थप सिर्जनशील र सक्रिय बनाउन सुझाव दिनुभयो। सृजना बहुउद्धेश्शीय सहकारी संस्थाका कार्यवाहक अध्यक्ष विशेश्वर लम्सालले घाचोक तथा पोखरा जहाँरहेपनिगाउँसमाजकोविकासमा सबैले सोच्न र ध्यान दिन आग्रह गर्नुभयो। कार्यक्रममा समाजका प्रथम उपाध्यक्ष महेश्वर पोखरेलले सबैले अपनत्व र गर्व गर्ने संस्थाका रुपमा समाजलाई अघि बढाइने बताउनुभयो। सचिव जगत गुरुङले घाचोक/माछापुच्छ्रे र पोखराकाबीचमा पुलको काम गर्दै घाचोकवासीको उन्नतिका लागि काम गर्ने योजना सुनाउनुभयो। सहसचिव भानुभक्त पोखरेलले समाजका सदस्यहरुको पारिवारिक विवरण सहितको प्रोफाइल प्रकाशन गर्न लागिएको बताउनुभयो। समाजका कोषाध्यक्ष सरिता आचार्य लम्सालले गत आवको आयव्यव प्रस्तुत गर्दै समाजलाई आर्थिक रुपमा मजवुत बनाउने गरी कार्यक्रम ल्याइने जानकारी दिनुभयो। साधारणसभाले सचिव जगत गुरुङको प्रगती प्रतिवेदन तथा कोषाध्यक्ष सरिता लम्सालले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदन छलफल सहित पारित गरेको छ। साधारणसभामा गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङ, माछापुच्छ्रे-३ का वडाध्यक्ष हरिश्चन्द्र लम्साल, वडा नं ५ का वडाध्यक्ष नारायण पौडेल, वडा नं ६ का वडाध्यक्ष टेकनाथ गौतम लगायतको उपस्थिति रहेको थियो।

# निरन्तर चल्दै छ कोलमा उखु पेल्ने चलन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ पुस



मङ्गला गाउँपालिकाका किसानले एक सय वर्ष पुरानो कोलमा उखु पेल्ने चलनलाई निरन्तरता दिएका छन्।

मङ्गला गाउँपालिका-२ सिमका स्वर्गीय रामबहादुर खत्रीले एक सय वर्षअघि भारतको कोलकाताबाट ल्याएको कोलमा हरेक वर्ष पुष र माघमा उखु पेल्ने चलन छ। रामबहादुरका छोरा नातिहरूले पनि हलगोरुको सहायतामा कोल घुमाउने पुरानो चलन र परम्परालाई निरन्तरता दिएका छन्। रामबहादुरका नाति ध्रुव खत्रीले उखु पेल्ने विद्युतीय उपकरणको विकास भए पनि कोलमा उखु पेल्ने चलन अझै कायमै रहेको बताउनुभयो। “त्यसबेला काठको कोलमा उखु पेल्न दुःख भएपछि हाम्रा हजुर बुबाले भारतबाट ल्याएको कोलका पाटपुर्जा नाउडाँडाबाट भरियाले पाँच दिन लगाएर यहाँ ल्याउनुभएको रहेछ”, उहाँले भन्नुभयो, “एक सय किलोग्राम तौल भएको तीनवटा पाटपुर्जा ल्याएपछि यस क्षेत्रका किसानलाई उखु पेल्न सजिलो भएको थियो।” सिमलचौरका दलबहादुर जिसी, गणेशबहादुर जिसी र चाउरे कामीले नाउडाँडाबाट कोल बोकेर सिम ल्याउनुभएको थियो। त्यसबेला ग्रामीण क्षेत्रमा गुलियोका लागि उखुको रस पकाएर बनाइने खुदो प्रयोग हुन्थ्यो। त्यसबेला गुलियोका लागि पनि घरैपिच्छे उखुखेती गर्ने चलन थियो। पुर्खाले सुरु गरेको कोल हाल्ने चलनलाई आफूहरूको पालामा पनि निरन्तता दिएको खत्रीले बताउनुभयो। कोलमा उखु पेलेबापत १० लिटर बराबर रु एक सय शुल्क तोकिएको छ। उखु पेल्न पालो लगाउनुपर्छ। सो कोलमा उखु पेल्न बाबियाचौर, कुहुँ, अर्मन, बरंजाका साथै बेनी नगरपालिका र मालिका गाउँपालिकाबाट किसानहरू आउने गरेका छन्।

मङ्गला गाउँपालिका-२ तोराखेतका श्रीकृष्ण पौडेलले उखुको रसबाट बनाएको खुदोलाई धार्मिककार्यका साथै मानिसलाई घाँटी दुखेको र गाईभैंसी बिरामी भएमा औषधिका रूपमा खुवाउने चलन छ। गर्मीमा खुदो मिसाएको पानी पिउँदा शीतल हुने उहाँको अनुभव छ। मानिस वा गोरुले तेर्सो पारिएको काठलाई घुमाउएर मुडा र फलामबाट बनाइएको कोल चलाउने गरिन्छ। गोरु नभएको अवस्थामा मानिसले काठ घुमाउने गर्दछन्। फलामको कोलको बीचमा उसु राखेर काठ घुमाएपछि रस झर्ने गर्छ। कोल चलाउन दुईदेखि तीन जना जनशक्ति आवश्यक पर्छ।

कोलमा पेल्दा धेरै रस आउने, शुद्ध, स्वस्थ हुने उपभोक्ता राजाराम उपाध्यायले बताउनुभयो। कोलमा पेलेर निकालिएको उखुको रस पकाएर खुदो बनाउने गरिन्छ। चिनीको उपलब्धता नहुँदा गाउँघरमा गुलियोगका लागि खुदो प्रयोग हुन्थ्यो। खुदोलाई पूजाआजामा पनि प्रयोग गरिने मङ्गला गाउँपालिका-२ सिमलचौरकी रूपा जिसीले बताउनुभयो। विवाह, व्रतबन्धका लागि लड्डु र कसार बनाउनका लागि खुदो आवश्यक पर्छ। यसैगरी देवीदेवतालाई प्रसादका रूपमा पनि खुदो चढाउने चलन छ।

# अन्नपूर्ण बहुप्राविधिक शिक्षालयको घान्द्रुकमा निःशुल्क पशु स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस



कास्कीको अन्नपूर्ण गाउँपालिकामा रहेको अन्नपूर्ण बहुप्राविधिक शिक्षालयले वडा नं १० घान्द्रुकमा शुक्रबार निःशुल्क पशु स्वास्थ्य शिविर सम्पन्न गरेको छ।

अन्नपूर्ण गाउँपालिकाको सहयोगमा आयोजित शिविरबाट ८० जना कृषक लाभान्वित भएका छन्।

शिविरमा गाई, भैंसी ८० वटा, बाख्रा १ सय, कुखुरा ३५ सय र कुकुर १० वटाको स्वास्थ्य परिक्षण गरिएको शिक्षालयका प्रमुख ई.सरद कोईरालाले जानकारी दिए।

सो कार्यक्रममा गोबर परिक्षण, जुका र माटेको निःशुक्ल औषधी वितरण गरिएको उनले बताए। सो कार्यका लागि शिक्षालयका विभागिय प्रमुख डा.आशिष अधिकारी, सहायक प्रशिक्षक प्रेमराज अधिकारी, पशु सेवा शाखाका प्रमुख ऋषिराम दाहाल, विरेठाँटी पशु सेवा केन्द्रका प्राविधिक लीला अधिकारी, गोन्दि भण्डारी, एमडिएच फर्मास्युटिकल्सका मार्केटिङ म्यानेजर अनन्तराज अधिकारी, एशिएन फर्मास्युटिल्सका एमआर राम अधिकारी र शिक्षालयका लेखापाल गंगा त्रिपाठीको सहभागिता रहेको थियो। सहयोगि संस्थाहरुमा भाष्कर हर्वसस्युटिकल्स, इण्डियन हर्वस्, क्यूमेड फर्मुलेशन तथा केपिएल फर्मास्युटिकल्स रहेका थिए। कार्यक्रममा प्रमुख अतिथि गाउँपालिका अध्यक्ष विष्णु बहादुर केसीले स्थानिय क्षेत्रमा विभिन्न संघ, संस्थाले सहयोग गरी कृषिको कार्य गर्न पाउदा खुसि लागेको बताए। उनले कृषकलाई आत्मर्भिर हुन आग्रह गरे।

# निःशुल्क स्वास्थ्य शिविरबाट पाँच सय बढी लाभान्वित

**पोखरापत्र संवाददाता**
दमौली, ११ पुस

शुक्लागण्डकी नगरपालिका-११ राइपुरस्थित ढोरफूलबारी सहिद अस्पतालमा बिहीबार आयोजित निःशुल्क स्वास्थ्य शिविरबाट पाँच सय बढी लाभान्वित भएका छन्।

वडा नम्बर ११ को कार्यालयको सहकार्य, तनहुँ सेवा हस्पिटल दुलेगौंडा र यूआरएल फाउण्डेशन नेपालको प्राविधिक सहयोगमा शिविर आयोजना गरिएको हो। शिविरमा भिडियो एक्सरे, इसिजी, पिएफटी, ल्याब परीक्षण र निःशुल्क औषधि सेवा उपलब्ध गराइएको थियो। पेट, मुटु, हाडजोर्नी, स्त्री तथा प्रसुती, छाला तथा यौन रोग सम्बन्धि सेवा दिइएको ढोरफूलबारी सहिद अस्पतालका प्रमुख डा. विज्ञान क्षेत्रीले जानकारी दिनुभयो। उहाँका अनुसार शिविरबाट महिला, ज्येष्ठ नागरिक शिविरबाट लाभान्वित भएका छन्। शुक्लागण्डकी नगरपालिका-१०, ११ र १२ का विभिन्न गाउँबाट बिरामी स्वास्थ्य परीक्षणका लागि आएका थिए। यस्तै स्याङ्जाको हरिनास गाउँपालिका र पुतलीबजार नगरपालिकाका गाउँबाट समेत शिविरमा आएर सेवा लिएको उहाँले बताउनुभयो।

शिविरमा पेट, मुटु, छाती, सुगर, थाइराइड रोग विशेषज्ञ डा. कृष्णराज अधिकारी, हाडजोर्नी तथा नसा रोग विशेषज्ञ डा मेघराज लामिछाने, स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा सुनिता सिलवाल, छाला तथा यौन रोग विशेषज्ञ डा. रमेश शर्मा, एमडिजिपी डा रविबहादुर गुरुङ, डा. विज्ञान क्षेत्री र रेडियोलोजिष्ट डा सन्तोष बराललले बिरामीको स्वास्थ्य परीक्षण गर्नुभएको थियो।

# लेखनाथ महोत्सव सफलता उन्मुख

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस

लेखनाथमा जारी २१औँ संस्करणको लेखनाथ महोत्सव दर्शक सहभागिता, आर्थिक कारोबार र सांस्कृतिक प्रस्तुतिका हिसाबले सफलतातर्फ उन्मुख हुँदै गएको छ।

स्थानीय उत्पादनको प्रवर्द्धन, लोकसंस्कृतिको संरक्षण र आर्थिक चलायमानता महोत्सवका प्रमुख उपलब्धिका रूपमा देखिएका छन्।

महोत्सव सञ्चालनको नवौं दिनसम्म आईपुग्दा आयोजकको लक्ष्य अनुसारका दर्शकहरुले अवलोकन गरिसकेका छन भने सोही अनुरुप र कारोबारमा वृद्धि हुँदा आयोजकहरुमा उत्साह थपिएको छ। विदाका दिनमा मात्र करीब ४० हजार दर्शकले अवलोकन गरेका थिए भने आजसम्म कुल दर्शक संख्या करिब २ लाख ५० हजार पुगेको छ। आर्थिक कारोबारतर्फ दैनिक एक करोड रुपैयाँ हाराहारीमा कारोबार भइरहेको आयोजकले जनाएको छ। केही दिनमै महोत्सवमार्फत करोडौँ रुपैयाँ बराबरको आर्थिक गतिविधि भएको छ। महोत्सवमा कृषि, जडीबुटी, स्थानीय खाद्यान्न, दुग्धजन्य पदार्थ, फलफूल, माछा तथा पशुपंक्षीसम्बन्धी स्टलहरूमा राम्रो कारोबार भएको छ। विशेषगरी बाल उद्यान, खाना महोत्सव र कृषि प्रदर्शनी दर्शकका लागि आकर्षण बनेका छन्।

यस वर्ष महोत्सवलाई परिष्कृत स्वरूप दिँदै कृषि बहस र उद्योग बहस कार्यक्रम पनि आयोजना गरिएको छ। कृषि बहसमा माछापालन, अलैंची खेती र पोल्ट्री व्यवसायका कृषकहरूले अनुभव र चुनौती साझा गरेका थिए भने उद्योग बहसमा विभिन्न उद्योगीहरूले व्यवसायिक संघर्ष र सफलताका कथा प्रस्तुत गरेका छन्। नीति निर्माता र सरोकारवालाबीच प्रत्यक्ष संवादले महोत्सवलाई केवल मनोरञ्जनात्मक मात्र नभई ज्ञान र बहसको मञ्चका रूपमा स्थापित गरेको छ। सांस्कृतिक, साहित्यिक र शैक्षिक कार्यक्रमहरू पनि महोत्सवका थप आकर्षण बनेका छन्। कवि शिरोमणि लेखनाथ पौड्यालको योगदान स्मरण गर्दै साहित्यिक कार्यक्रम अन्तर्गत शनिवार अभिनन्दन कार्यक्रम रहेको छ। विद्यालयस्तरीय प्रस्तुति, लोकदोहोरी, हास्यव्यङ्ग्य, सुगम संगीत र लाइभ कन्सर्टहरू नियमित रूपमा सञ्चालन भइरहेका छन्। २०६१ सालमा 'सुन्तला महोत्सव'का रूपमा सुरु भएको लेखनाथ महोत्सव आज कृषि, उद्योग, संस्कृति र साहित्यको साझा मञ्चका रूपमा स्थापित भएको छ। स्थानीय उत्पादनको बजारीकरण, साना तथा मझौला व्यवसायको प्रवर्द्धन र सांस्कृतिक पहिचान जोगाउन लेखनाथ महोत्सव प्रभावकारी माध्यम बन्दै गएको सरोकारवालाहरूको भनाइ छ। महोत्सव अझै ३ दिन सञ्चालन हुने भएकाले दर्शक संख्या र आर्थिक कारोबार थप बढ्ने अपेक्षा गरिएको छ।

# समजसेवी स्वर्गीय ढाका मोहनको योगदानको स्मरण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ पुस



पुर्व न्यायाधीश विनोद मोहन आचार्यले आफ्ना पिता स्व ढाका मोहन आचार्य र हजुर बुबा सुब्बा देवदत्त आचार्यका त्याग, योगदान र करिअरको बारेमा प्रकाशित कृति “स्मृतिका बिम्बहरु “शुक्रबार विमोचन भएको छ।

नेपाल ऋषि डाक्टर जगमान गुरुङर नेपाल सरकारका पुर्व सचिव बाबुराम आचार्यले माछापुच्छे मावि भुर्जुङखोलामा आयोजित समारोहमा कृतिको विमोचन गरे।नेपाल प्रज्ञाप्रतिष्ठानका पुर्व उपकुलपति डा गुरुङले ढाका मोहनले सामाजिक क्षेत्रमा पुर्याएको योगदान सन्तति र समाजलाई दिलाउन आवश्यक रहेको बताए।सामाजिक सद्भावको खाँचो रहेको चर्चा गर्दै ढाका मोहन लगायतका सामाजिक व्यक्तिहरूले सामाजिक सद्भाव राखेर काम गरेको हुँदा समाजको उन्नति भएको गुरुङले तर्क गरे। उनले कसैमाथि अन्याय नगरी काम गर्ने नै समाजले स्मरण गर्ने हुँदा पुण्य काम गर्दा नै समाज समृद्ध हुने विचार राखे।

पुर्व सचिव बाबुराम आचार्यले ढाकामोहनले निस्वार्थ भावनाले काम गरेकोले समाजले नेतृत्व सुम्पेको चर्चा गरे। कृतिका सर्जक पुर्व न्यायाधीश विनोद मोहन आचार्यले पिताका राजनीतिक , समाजसेवाका धेरै पक्षलाई उजागर गर्न बाँकी रहेको र अर्को संस्करणमा समेट्ने विश्वास दिलाए।माछापुच्छे माविका पुर्व प्रअ हर्क बहादुर घर्तीको अध्यक्षतामा भएको कार्यक्रममा माछापुच्छे गाउँ पालिकाका अध्यक्ष मीन बहादुर गुरुङ, जनकवि धर्मराज थापाका सुपुत्र मदन थापा, माछापुच्छे माविका प्रअ सन्तोष आचार्य, विद्यार्थी सहयोग समितिका संस्थापक समाजसेवी भिम तामाङ, बेगनाथ पौडेल, प्रभा आचार्य लगायतले स्व ढाका मोहनले राजनीतिक ,सामाजिक क्षेत्रमा खेलेको भुमिकालाई पुस्तकमा समेटिएकोमा प्रशंसा गरेका थिए।

# रघुगङ्गाको दुवारीमा केन्द्रीय प्रशारण लाइनको बिजुली पुग्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ पुस

म्याग्दीको रघुगङ्गा गाउँपालिका-८ दुवारीमा केन्द्रीय प्रशारण लाइनको बिजुली पुगेको छ। दुवारी भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित छ।

नेपाल विद्युत् प्राधिकरणले सञ्चालन गरेको 'उज्यालो म्याग्दी' कार्यक्रम अन्तर्गत दुवारी, ढाँड र पात्लेखर्कमा वितरण लाइन विस्तार र ट्रान्सफर्मर चार्ज भएको हो। मुख्य, शाखा लाइनको पोल गाड्ने, ११ केभी क्षमताको तार तान्ने र ५० केभीए क्षमताको ट्रान्सफर्मर जडान गर्ने काम सकिएको नेपाल विद्युत् प्राधिकरण बेनी वितरण केन्द्रका प्रमुख सत्यनारायण गामीले बताउनुभयो। प्रशारण लाइनको परीक्षण र ट्रान्सफर्मरको चार्ज गरिएको उहाँले बताउनुभयो। मिटरबक्स जडान र वायरिङ सकिएपछि घरघरमा केन्द्रीय लाइनको बिजुली बल्नेछ। दुवारी, ढाँड र पात्लेखर्कमा ९० घरपरिवारको बसोबास छ। वडाध्यक्ष गमान छन्त्यालका अनुसार यहाँका बासिन्दा हाल लघु जलविद्युत् परियोजनाको विद्युत् प्रयोग गर्दै आएका छन्। म्याग्दीका १४ स्थानका दुई हजार १८३ घरधुरीमा राष्ट्रिय प्रशारण लाइनको विद्युत् सुविधा विस्तारका लागि प्राधिकरणले आर्थिक वर्ष २०८०/८१ देखि रु २२ करोड बजेटको योजना सञ्चालन गरेको छ। यस योजना मार्फत यसअघि मालिका गाउँपालिका-१ निस्कोट, २ रुम, ३ डाडागाउँ, पात्ले, वडा नं.-४ ओखरबोटका छ सय, च्युरीबोटका करिब १००, धवलागिरि गाउँपालिकाको मलम्पारका १५० र बुलका ४५ घरमा विद्युतीकरण भइसकेको छ। तीन सय ७० घरपरिवारको बसोबास रहेको लुलाङमा गत जेठ, १५० घरपरिवारको बसोबास रहेको मल्कवाङ र १५० घरपरिवारको बसोबास भएको महभिरमा गत मङ्सिर महिनामा ट्रान्सफर्मर चार्ज भइसकेको छ।